

## परामर्श व्यवस्था

अपराधद्वारा पीडित भई गम्भीर रूपमा तनावग्रस्त भएपछि निम्नानुसारको धेरथोर मानसिक र शारीरिक प्रतिक्रिया आउन सक्छ।
यो असामान्य कुरा नभई जसलाई पनि हुन सक्ने कुरा हो।

### मानसिक प्रतिक्रिया

**डर ・ आत्म-तिरस्कार**
**बेचैनी ・ थकावट**
**आत्मग्लानी ・ एकलोपन**
**विरक्ति ・ क्रोध**
**प्रतिशोधको भाव**






### शारीरिक प्रतिक्रिया

**तनाव ・ मुटुको धुकधुकी**
**पखाला ・ वाकवाकी**
**खानामा कम रूची**
**अनिद्रा ・ नराम्रो सपना**

### अनुभूतिजन्य प्रतिक्रिया

**अनुभूति ・ भावनाको सुस्ती**
**वास्तविकता अनुभुत नभएको**
**स्मरण शक्ति ・**
**विवेचना शक्तिको कमि**



यस्ता लक्षणहरू समय जाँदै बिस्तारै निको हुँदै जान्छ तर व्यक्ति अनुसार निको हुने समय फरकफरक हुन्छ।
यिनीहरूमध्ये कोही विभिन्न मानसिक रोगी (जस्तै पि. टि.एस.डि.) हुन पनि सक्छ।

**【सम्पर्क नं.】**
**प्रहरी प्रधान कार्यालय, प्रबन्ध विभाग,**
**प्रबन्ध शाखा अपराध पीडित सहायता कक्ष**
Tel **०२२-२२१-७१७१** (ext. २६९३)

## परामर्श काउन्टर

● **परामर्शको लागि प्रहरी टेलिफोन**

अपराधको क्षतिलाई पूर्वरोकथाम गर्ने, दैनिक जीवनको सुरक्षा सम्बन्धी समस्या आदि विभिन्न कुराको परामर्श गरिन्छ।

**#९११०** वा **०२२-२६६-९११०**

● **यौन अपराध पिडित परामर्श टेलिफोन**

यौन अपराधको पीडितको लागि परामर्श टेलिफोन हो।

**#८१०३** वा **०२२-२२१-७१९८**

● **मियागी विदेशी नागरिक परामर्श केन्द्र**

मियागी प्रिफेक्चरमा विदेशीहरूको विभिन्न परामर्शको लागि विभिन्न भाषामा जवाफ दिनको लागि परामर्श केन्द्रको स्थापना गरिएको छ।
त्रिपक्षीय कुराकानी गर्न मिल्ने पद्धतिमार्फत अन्य विशेष परामर्श काउन्टरसँग कुरा गर्न पनि सकिन्छ।

**परामर्श डायर: ०२२-२७५-९९९०**

[ बोलिने भाषाः अन्ग्रेजी, चिनियाँ, कोरियाली, भियतनामी, टेगलाग, इण्डोनेसिया, नेपाली, पोर्तुगली आदि ]

● **जापान कानुनी सहायता केन्द्र (हो-तेरासु)**

हो-तेरासुले जापानको कानुनी व्यवस्था र परामर्श काउण्टर सम्बन्धी बहुभाषिक जानकारी उपलब्ध गराउँछ।

**बहु भाषिक जानकारी उपलब्ध सेवा ०५७०-०७८३७७**

[ भाषाहरूः अङ्ग्रेजी, चिनियाँ, कोरियाली, स्पेनी, पोर्तुगली, भियातनामी, टेगलाग ]

● **मियागी पीडित सहायता केन्द्र**

अपराधबाट पीडित भएकाहरू र उहाँको परिवारलाई सहायता दिने संस्थाको रूपमा निम्नानुसारको क्रियाकलाप गरेको छ।

○ अपराधबाट भएको क्षति आदि सम्बन्धी टेलिफोन परामर्श, भेटवार्ता
○ अस्पताल, प्रहरी, अदालतमा जाँदा साथ दिने सहयोग

**०२२-३०१-७८३०** अथवा
**०५७०-७८३५५४** (देशव्यापी साझा डायर)

**तपाईंको लागि इन्चर्ज**

**प्रहरी कार्यालय** ____________ **शाखा** ____________

**नामथर** ____________

**फोन नं.** ____________ ( ext. ____________ )

# अपराधबाट पीडित भएकाहरूलाई

यो पर्चा पीडित व्यक्तिहरूलाईः

＊ अनुसन्धान र मुद्दा कसरी अघि बढ्छ, अपराधीलाई कस्तो प्रक्रियाबाट कार्यवाही हुन्छ,

＊ प्रयोग गर्न सकिने के कस्ता व्यवस्थाहरू छन्,

जस्ता जानकारी दिनको लागि पर्चा हो।

**मियागी प्रिफेक्चर प्रहरी प्रधान कार्यालय**

# जापानमा फौजदारी प्रक्रिया

अपराधी र अपराधको तथ्य खुलाई अपराधीलाई दण्डसजाय दिलाउने प्रक्रियालाई फौजदारी प्रक्रिया भनिन्छ।

यसमा अनुसन्धान, अभियोजन र खुल्ला सुनुवाई गरी ३ चरणमा विभाजित छ। प्रहरी, सरकारी वकील र अदालत जस्ता निकायहरूको संलग्नता हुन्छ।

**प्रहरी**

अपराध उत्पन्न

… उजुरी, ११० नं. आदिमा जानकारी

अनुसन्धान प्रारम्भ

सोधपुछ
प्रमाण पेश
स्थलगत नीरिक्षणमा
रोहाबर आदि

सशंकित व्यक्तिको निर्धारण

सशंकित व्यक्तिको स्वेच्छापूर्ण उपस्थिति | सशंकित व्यक्तिको पक्राउ

**सरकारी वकील कार्यालय**

सरकारी वकील कार्यालयमा कागजात पठाउने | सरकारी वकील कार्यालयमा अभियुक्त पठाउने

हिरासतमा राख्नको लागि अनुमतिको माग

अभियोजन | अभियोजन नगर्ने

संक्षिप्त प्रक्रियाको माग | सार्वजनिक सुनुवाइको माग

**अदालत**

सुनुवाइपूर्वको तयारी प्रक्रिया

सार्वजनिक सुनुवाइ

संक्षिप्त आदेश
जरिवाना

फैसला
श्रम सहित वा रहित कैद
सजाय कार्यान्वयन स्थगन आदि

## प्रहरीको सहायता सम्बन्धी व्यवस्थाहरू



अनुसन्धानको क्रममा कहिलेकाहिं यहाँहरूलाई दुःख दिइन्छ। तर अपराधीलाई पक्राउ गरी कार्यवाई गर्नको लागि र यहाँहरू जस्ता अरू पीडितहरू अब नहोस् भन्नाका लागि पनि अनुसन्धानको लागि सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

### ① पीडितलाई सहायता दिने प्रहरी कर्मचारी तोक्ने व्यवस्था

प्रहारीमा अनुसन्धानकर्ता बाहेक तोकिएको प्रहरी कर्मचारीले पडितलाई सहायता दिने व्यवस्था संचालन गरिएको छ।
पीडितलाई सहायता दिन तोकिएको कर्मचारीले निम्नानुसारको काम गर्छ।

- ○ अस्पताल जाने व्यवस्था र साथ दिने, स्थलगत परीक्षणमा रोहाबरको सागि साथ दिने
- ○ फौजदारी प्रक्रिया, पीडितहरूको लागिका व्यवस्था सम्बन्धी जानकारी
- ○ घटनाबारे सोधपुछ र पीडितको बयानपत्र वा त्यस्ता कार्यको सहयोग
- ○ समस्या सम्बन्धी परामर्शको दर्ता, काउन्सेलिङ्ग व्यवस्था तथा विभिन्न परामर्श निकायको जानकारी
- ○ पीडितहरूको घरमा लिन आउने र पु्याउने काम

**【सम्पर्क स्थान】 अनुसन्धानको जिम्मा लिने प्रहरी कार्यालय**

### ② उपचार खर्च आदि सरकारी बजेटबाट बोहोर्ने व्यवस्था

निम्नानुसार उपचार आदिमा लागेको खर्च सरकारी बजेटबाट बेहोरेर पीडितहरूको आर्थिक बोझ कम गराउँछ।

- ○ मृत्यु भएको परिवारको लागि
  शवपरीक्षणपत्रमा लाग्ने खर्च, शव परिवाहन खर्छ, पुनर्स्थापना खर्चको अंश
- ○ घाइते भएकाहरूको लागि
  पहिलो उपचार खर्च, डाकटर रिपोर्ट खर्च, यौन रोगको परीक्षण खर्छ, आदि

※ यस्ता खर्चको सरकारी सहयोग प्राप्त गर्नको लागि निश्चित शर्त पुरा गरेको हुनु पर्छ।

### ③ अपराध पीडितको लागि आर्थिक सहयोगको व्यवस्था

यो जानीबुझी गरिएको अपराधिक कार्यबाट गम्भीर क्षति भएको पीडितहरूको लागि सरकारले आर्थिक सहयोग दिने व्यवस्था हो।

※ जापानी नागरिकता प्राप्त भएको अथवा जापानमै ठेगाना दर्ता भएको व्यक्तिको लागि

- ○ शोकसन्तप्त परिवारलाई सहयोग रकम… पीडित व्यक्ति मृत्यु भएकोमा परिवारलाई प्रदान
- ○ गम्भीर घाइते वा बिरामीलाई सहयोग रकम… शारीरिक रूपमा गम्भीर चोटपटक लागेको वा बिरामी (उपचारको लागि १ महिनाभन्दा बढी समय लाग्ने र साथै अस्पतालमा ३ दिनभन्दा बढी भर्ना भएको) लाई प्रदान
- ○ अपाङ्गता भएकालाई सहयोग रकम… पीडित व्यक्ति स्वयं अपाङ्गता भएकोमा प्रदान

**【सम्पर्क स्थान】 प्रहरी प्रधान कार्यालय अपराध पीडित सहायता कक्ष (Tel ०२२-२२१-७१७१)**

## सरकारी वकील कार्यालयको सहायता व्यवस्थाहरू

### ① पीडित सहयोगकर्ताको व्यवस्था

सरकारी वकील कार्यालयमा पीडितहरूको बोझ र दुःखलाई सकेसम्म कम गराउनको लागि पीडितहरूलाई सहयोग गर्ने पीडित सहयोगकर्ता खटाइएको छ।
पीडित सहयोगकर्ताले निम्नानुसारको कार्य गर्छ।

- ○ परामर्शको लागि सहयोग, अदालतसम्म सँगै जाने
- ○ मुद्दा अभिरेख हेर्ने, प्रमाणका सामान फिर्ता दिने जस्ता विभिन्न प्रक्रियालाई सहयोग
- ○ पीडितहरूको स्थितिबमोजिम मानसिक पक्ष, जीवन पक्ष र आर्थिक पक्षमा सहायता दिने सम्बन्धीत संघ-संस्थाहरूको जानकारी

### ② पीडितलाई सूचना दिने व्यवस्था

सरकारी वकील कार्यालयले पीडितहरूलाई कार्यवाहीको परिणाम, फौजदारी मुद्दाको परिणाम, कारागारमा कैदी अपराधीको अवस्था, कारागारबाट छुट्ने मिति आदि सम्बन्धी जानकारी उपलब्ध गराउनको लागि पीडितहरूलाई सुचना दिने व्यवस्था गरेको छ।

※ यो सूचना टेलिफोन वा पत्राचार जस्ता माध्यमबाट सूचित गराइन्छ।

### ③ पीडित व्यक्ति हट-लाइन

पीडित व्यक्तिले सजिलोसँग सम्पर्क राख्न सकून् भन्ने उद्देश्यले पीडित व्यक्ति हट-लाइनको टेलिफोन लाइन छुटाएको छ। यो जापानभरका जिल्ला सरकारी वकील कार्यालयहमा व्यवस्था गरिएको छ।


**सेन्दाइ जिल्ला सरकारी वकील कार्यालय पीडित व्यक्ति हट-लाइन (Tel ०२२-२२२-६१५९)**

## अदालतमा प्रयोग गर्न सकिने व्यवस्था

प्रतिवादीले गरेको अपराध प्रमाणित गर्नको लागि पीडितले अदालतमा साक्षी गबाह गर्नु पर्ने पनि हुन सक्छ।

सुनुवाइको क्रममा पीडितहरूको सुविधाको लागि विभिन्न सहयोगको व्यवस्था छन्।

- ○ साक्षीलाई साथ दिने
- ○ दर्शकहरूले साक्षी नदेख्ने गरी छेकबार
- ○ भिडियो मोनिटरमार्फतको साक्षी गबाह
- ○ मुद्दाको अभिरेख अवलोकन र फोटोकपि
- ○ पीडितको व्यकतिगत जानकारी संरक्षण
- ○ राय व्यक्त
- ○ सार्वजनिक सुनुवाइ हेर्नको लागि प्राथमिकता
- ○ फौजदारी मिलापत्र
- ○ प्रारम्भिक बहसका विषयवस्तु उल्लिखित पत्र उपलब्ध



### ○ पीडित व्यक्तिको सहभागीता व्यवस्था

'पीडित सहभागी' को रूपमा सार्वजनिक सुनुवाइमा उपस्थित भई प्रतिवादीसँग प्रश्न सोध्न सकिन्छ।

### ○ सहभागी हुने पीडितको यातायात खर्च आदि प्रदान गर्ने व्यवस्था

पीडित सहभागीको व्यवस्था प्रयोग गरेर फौजदारी मुद्दामा उपस्थित हुनेलाई निवेदनको आधारमा सरकारले यातायात खर्च आदि प्रदान गर्छ।

### ○ पीडित सहभागीको लागि वैतानिक वकीलको व्यवस्था

पीडित सहभागीले सार्वजनिक सुनुवाइमा उपस्थित हुन, र प्रतिवादीलाई प्रश्न गर्ने काम अधिवक्तालाई सुम्पिदिन सकिन्छ। आफ्नो सम्पत्ति २ लाख येनभन्दा मुनि छ भने पीडित सहभागी अधिवक्ता नियुक्त गर्ने निवेदन दिन सकिन्छ।

### ○ क्षतिपूर्तिको आदेश व्यवस्था

फौजदारी मुद्दाको अभियोगपत्रमा उल्लिखित अपराधको तथ्यको आधारमा उक्त अपराधबाट भएको क्षतिको पूर्ति गर्न प्रतिवादीलाई आदेश दिनको लागि माग गर्न सकिन्छ।